STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. ७ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १८ गते मंगलबार ❑ 1 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

गण्डकी प्रदेशको बजेट कोरोना केन्द्रित आउने तयारी

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

गण्डकी प्रदेश सरकारले कास्की सहित प्रदेशका ११ जिल्ला वासीलाई कोरोना बिरुद्धको खोप लगाउने भएको छ। गण्डकी प्रदेश सभाको आठौं बैठकमा सोमबार विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्रथामिकता प्रस्तुतः गर्दै गण्डकीप्रदेशका अर्थ, भूमि व्यबस्था तथा सहकारी मन्त्री ि करण गुरुङले सरकारले पहिलो प्रथामिकतामा राखेर कोरोना बिरुद्धको खोप प्रदेश वासीलाई लगाउने भएको बताएका हुन्।

प्रदेशका सबै नागरिकको लागि कोरोना भाइरस विरुद्धको खोप उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरी प्रबन्ध गरिने भएको मन्त्री गुरुङले जनाए। कोभिड अस्पतालहरूमा पर्याप्त अक्सिजनको व्यवस्था मिलाउने, कोरोना रोकथामका लागि अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिने भएको उनले जनाए। गण्डकी प्रदेशको आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेट कोभिड –१९ (कोरोना भाइरस संक्रमण) रोकथाम र उपचार तथा व्यबस्थापनमा केन्द्रित भएको मन्त्री गुरुङको दाबी छ।

गण्डकी प्रदेश सभाको आठौं बैठकमा सोमबार विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्रथामिकता प्रस्तुतः गर्दै मन्त्री गुरुङले गत बर्ष जस्तै यस बर्ष कोरोनाको प्रभाव परेकोले यस बर्षको बजेट समेत कोरोना केन्द्रित गरेको बताएका हुन्। कोरोनाको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य प्रणालीलाई सवल एवं सुदृढ गरी, आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरिने र होम आइशोलेसनहरूमा पनि आवश्यक मेडिकल सेवाहरू उपलब्ध गराउने मन्त्री गुरुङले जनाए।

विश्वव्यापी महामारीको कारण सृजित चुनौतीको सामना गर्दै जनजीवनलाई सामान्यकृत बनाउन र वर्तमान सरकारले अगाडि बढाएको विकास, सुशासन र समृद्धिको मार्गमा देखा परेका असरलाई निराकरण गर्दै प्रादेशिक अर्थतन्त्रलाई गतिशील बनाउन बजेट केन्द्रित गरेको उनले जनाए। कोरोना महामारीबाट प्रभावित भएको अर्थतन्त्रलाई गतिशील र चलायमान बनाई पुनः पहिलेकै अवस्थामा फर्काउन सार्वजनिक खर्चलाई व्यवस्थित गर्दै आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा स्रोत र साधनलाई केन्द्रित गरिने, आगामी आर्थिक वर्ष २०७८/७९ लाई गण्डकी प्रदेश सरकारले गरेका समग्र कामहरूको प्रगति समिक्षा वर्षको रुपमा अगाडि बढाइने भएको उनले प्रस्तुत गरेको बजेटको सिद्धान्त र प्रथामिकतामा उल्लेख छ। त्यसै गरी पूर्वाधार विकास, उत्पादनमुखि र गरिबी निवारणका कार्यक्रमहरूलाई जोड दिदै, प्रदेशको राजस्व प्रणालीलाई न्यायपूर्ण, पारदर्शी र प्रविधिमा आधारित बनाई आन्तरिक आयलाई प्रदेशको आम्दानीको मूल आधारको रुपमा विकास गर्न विशेष जोड दिने योजना रहेको उल्लेख गरिएको छ। प्रदेशका आर्थिक सम्भावना तथा अवसरका क्षेत्र पहिचान र विकास गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुर्याउने, अनावश्यक फजुल खर्च रोक्ने, आर्थिक पारदर्शिता तथा वित्तिय उत्तरदायित्व कायम गर्ने, स्रोतको दीगो परिचालन र लगानीको वातावरण निर्माण गर्ने उत्पादनमुखि, रोजगारी र गरिबी निवारण कार्यक्रममा जोड दिने मन्त्री गुरुङले जनाए।

विनियोजन विधेयक, २०७८ का सिद्धान्त र प्राथमिकता तय गर्दा संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, गण्डकी प्रदेशको आवधिक योजनाका लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्यहरू, चुनावी घोषणापत्र लगायतका अन्य माध्यमबाट जनतासमक्ष गरेका प्रतिबद्धतालाई प्रमुख मार्ग दर्शन तथा बजेट तर्जुमाको आधार मानेको मन्त्री गुरुङले बताए।

प्रदेश गौरव, रणनीतिक महत्व तथा बहुवर्षीय आयोजनालाई तोकिएकै समयमा सम्पन्न गर्ने गरी स्रोत व्यवस्था गरी, स्थानीय तहको केन्द्र जोड्ने गरी अघि बढाइएका सडक र 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेट प्रबन्ध गरिने भएको मन्त्रीले जनाए। त्यसै गरी प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानी सेवा पुऱ्याउन सञ्चालित आधारभूत खानेपानी कार्यक्रम र खानेपानी सबैको पहुँचमा पुऱ्याउन 'एक घर एक धारा' कार्यक्रमलाई निरन्तरता दिइने भएको छ भने कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रदेशका कृषियोग्य जमिनमा सिंचाई प्रणालीहरू विकास र बिस्तार गरी वर्षैभरी सिंचाई सुविधा पुग्ने व्यवस्था मिलाउन बजेटमा प्राथमिकता दिइने भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

संसदको स्वीकृति बेगर कर लगाउनु स्थापित मान्यता विपरित : कांग्रेस

रासस
काठमाडौं, १७ जेठ

नेपाली कांग्रेसले सरकारले अध्यादेशमार्फत ल्याएको आगामी आर्थिक वर्षको बजेट जनप्रतिनिधिको थलो संसदको स्वीकृति बेगर सरकारको ढुकुटी खर्च गर्ने, जनतालाई कर र ऋणको भार थप्ने कुनै पनि कार्य पाइर्दैन् भन्ने स्थापित लोकतान्त्रिक मूल्य र मान्यताविपरित भएको भनी टिप्पणी गरेको छ।

सरकारद्वारा यही जेठ १५ गते सार्वजनिक आव २०७८/८९ को बजेट वक्तव्यका सम्बन्धमा सोमबार कांग्रेस नेता डा मीनेन्द्र रिजालले पार्टीको सो धारणा व्यक्त गरेका हुन्। उनले नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन सकिन्छ भन्ने भ्रमबाट सरकार अझै मुक्त हुन नसकेको आरोप लगाए।

बजेटमा अघिल्ला केही वर्षहरुदेखि कार्यान्वयनमा रहेका योजनाहरुको फेहरिस्तलाई नयाँ योजनाका रुपमा प्रस्तुत गरेर निकै पो काम हुन लागेछ भन्ने भ्रम छर्न खोजिएको कांग्रेसको टिप्पणी छ। यो सरकारले आफ्नो कार्यभार सम्हाल्दा सार्वजनिक ऋण रु ८० ९ अर्ब थियो, ठोस उपलब्धि बेगर नै त्यस्तो ऋण अहिले झण्डै दुई गुणा पुग्न लागेको उनले उल्लेख गरे। नेता रिजालले भने, 'योजना कार्यान्वयन गर्ने क्षमता छैन, भ्रमको खेती गरी अघिल्लो निर्वाचनमा झैं जनमत प्रभावित गर्ने भन्ने सरकारी दुराशय बजेट वक्तव्यमा प्रष्ट छ।'

भौतिक उपलब्धिका लक्ष्य कुनै वास्तविकतामा आधारित नभएको, गठन भएदेखि हरेक वर्ष झण्डै एक हजार अर्ब वा बढी राजश्वको लक्ष्य राख्ने यो सरकारले अहिलेसम्म कुनै वर्ष पनि राजश्व ८५० अर्ब नपुऱ्याएको उनको भनाई थियो। यही वर्षमा पनि स्वदेशी र विदेशी ऋणको भार थपिने, कोरोनाबाट संत्रस्त नागरिकबाट आगामी वर्ष एक हजार १५२ अर्ब राजश्व संकलन गर्ने योजना विफल हुने कांग्रेसको टिप्पणी छ। नेता रिजालले भने, 'आगामी आर्थिक वर्ष आन्तरिक ऋण ३०९ अर्ब पुग्ने सरकारी प्रक्षेपण छ, यसले गर्दा सरकारी र निजी क्षेत्र बीच प्रतिस्पर्धा भई निजी क्षेत्रका लागि आवश्यक कर्जा प्राप्त गर्न कठिनाई हुनेछ। ब्याज दरमा अनावश्यक चाप पर्ने छ, लगानीको वातावरण थप विग्रने छ।' पहुँचवाला नेताहरुको निर्वाचन क्षेत्रमा अत्यधिक रुपमा बजेट विनियोजन भएको सुन्दा कोभिड-१९ ले आहतमा परेका आमनागरिकको विवेकमा अपमान भएको उनको टिप्पणी थियो। अर्थतन्त्रको बलियो खम्बा विदेशमा रोजगारी गर्न बाध्य युवाहरुका प्रति बजेटमा खासै ध्यान नपुगेको र कोरोनाको कहरमा विश्व अर्थतन्त्र संकुचित हुँदा हाम्रो विप्रेषणको आय घट्न पुग्यो भने लगानीको वातावरण अझ दुषित हुने कांग्रेसको धारणा छ। बजेट वक्तव्यमा भनिए जस्तो अर्थतन्त्रको विस्तार ६.५ प्रतिशत हुने सम्भव छैन्, कोभिड संक्रमणको दोस्रो लहरका कारण यो वर्ष पनि सरकारले अनुमान गरे झै अर्थतन्त्र चार प्रतिशतले विस्तार हुनु सट्टा सिमान्त रुपमा मात्रै विस्तार हुने उनको भनाइ थियो। 'अघिल्लो वर्ष माघ १४ गते प्रधानमन्त्रीले तीन महिना भित्र सम्पूर्ण नेपालीलाई कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराइसक्ने छौं भन्नु भएको थियो। तर चार महिना वितिसक्यो देशमा जम्मा दुई लाख ३२ हजार नागरिकहरुले मात्र खोपको दुबै मात्रा लगाउन पाएका छन्, उनले भने। नेता रिजालले कुनै कुटनीतिक गृहकार्य र परिश्रम विना जतासुकै पत्र पठाएकै भरमा खोपको जोहो हुन्छ भन्ने सोच सरकारको अनुत्तरदायी श्रृङ्खलामा थप अर्को कडी हो भने।

खोप लगाउने, कोभिड संक्रमण फैलिन नदिने, संक्रमितलाई उपचार गरेर जोगाउने सरकारी जिम्मेवारी बजेट किताबमा रकम छुट्याएर मात्र पुरा नहुने उनको भनाई थियो।

विघटित प्रतिनिधिसभामा प्रमुख प्रतिपक्ष भूमिकामा रहेको नेपाली कांग्रेसको आर्थिक वर्ष २०७८/७९ को अनुमानित आय व्यय विवरण(बजेट)का सम्वन्धमा आधिकारिक लिखित धाराणा राख्ने क्रममा सञ्चारकर्मीको जिज्ञासामा अदालतबाट प्रतिनिधिसभा पुनस्थापना हुन्छ भन्नेमा कुनै शंका नरहेको बताउँदै उनले सदन पुनःस्थापनापछि बन्ने सरकाले बजेटलाई आफनै ढङ्गले अघि बढाउने छ भने। एक प्रश्नको जवाफमा डा. रिजालले भने, 'सर्वोच्च अदालतको फैसलाबाट संविधान, न्याय र जनताको पक्षमा निर्णय आउने र त्यसपछि राजनीतिक कठिनाईबाट देशले मुक्ति पाउने छ।'

लुम्बिनी प्रदेशबाट राष्ट्रियसभा सदस्यमा पाण्डे निर्वाचित

रासस
काठमाडौं, १७ जेठ

लुम्बिनी प्रदेशको राष्ट्रियसभा सदस्य उपनिर्वाचनमा नेपाली काँङ्ग्रेसका दृगनारायण पाण्डेले चारहजार १४० मत प्राप्त गरी विजयी भएका छन्।

उनले नेकपा (एमाले) का चन्द्रबहादुर खड्कालाई पराजित गरेका थिए। खड्काले तीनहजार ६१२ मत प्राप्त गरेका थिए।

नव निर्वाचित पाण्डेलाई नेकपा (माओवादी केन्द्र), जनता समाजादी पार्टी, र जनमोर्चाको समर्थन रहेको थियो। घोराही स्थित कर्मचारी मिलन केन्द्रमा आज सम्पन्न मतदानमा २१७ मतदातामध्ये २१४ जनाले मतदान गरेका थिए।

२४ घण्टामा ४७६२ संक्रमित थपिए

रासस
काठमाडौं, १७ जेठ

पछिल्लो २४ घण्टामा ४७६२ जना कोरोना भाइरस संक्रमित थपिएका छन्। यस्तै ६४९१ जना संक्रमणमुक्त भएका छन्। यस्तै ११४ जनाले ज्यान गुमाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा १७ हजार ४८० जनामा परीक्षण भएको थियो।

यससँगै देशभर कोरोना संक्रमितको कुल संख्या ५ लाख ६१ हजार ३०२ पुगेको छ भने निको हुनेको संख्या ४ लाख ४७ हजार ४४६ पुगको छ। यस्तै सक्रिय संक्रमितको संख्या १ लाख ६ हजार ४७० जना रहेको छ।

गण्डकी प्रदेशमा १७ जना कोरोना संक्रमणबाट मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

पोखराका अस्पतालहरुमा उपचाररत ११ जनासहित गण्डकी प्रदेशका थप १७ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ६७८ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ४ जना, तनहुँ जिल्लाका ४ जना, स्याङ्जा जिल्लाका २ जना, बाग्लुङ जिल्लाका २ जना, म्याग्दी जिल्लाको १ जना, लमजुङ जिल्लाको १ जना र नवलपुर जिल्लाको ३ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

बजेटमा पर्यटन : पोखराका व्यवसायी उत्साहित

जमुना वर्षा शर्मा
पोखरा, १७ जेठ (रासस)

पर्यटकीय नगरी पोखराका पर्यटन व्यवसायीले सरकारले आर्थिक वर्ष २०७८/७९ का लागि सार्वजनिक गरेको बजेटले पर्यटन क्षेत्रका अधिकांश पक्ष समेटेको र यसको कार्यान्वयन भए मात्र सार्थक हुने प्रतिक्रिया दिएका छन्। राससँगको कुराकानीमा बजेटको प्रभावकारी कार्यान्वयनमा पनि उनीहरुले जोड दिएका छन्।

गोपीबहादुर भट्टराई, अध्यक्ष, पोखरा पर्यटन परिषद्: आर्थिक वर्ष २०७८/ ७९ का आएको बजेटले समग्र रुपमा पर्यटन क्षेत्रलाई सम्बोधन गरेको छ। पर्यटन क्षेत्रको व्यवसाय बचाउनका लागि पुनरुत्थानका कार्यक्रम आएको भने हामीले भने झै पुनःकर्जाको व्यवस्थालाई निरन्तरता दिइएको छ। कोरोना महामारीले सुस्ताएको पर्यटनलाई चलायमान गराउन आन्तरिक पर्यटन प्रवर्द्धनका लागि १० दिनसम्म कर्मचारी बिदा दिने व्यवस्था सकारात्मक छ। पोखरामा मात्र नभई देशका विभिन्न जिल्लाका विकट स्थानको पर्यटन प्रवर्द्धनका गतिविधिलाई समेत जोड दिइएको छ भने धार्मिक पर्यटन, साहसिक खेलकुदका गतिविधिलाई पनि सम्बोधन गरेको छ। पर्यटकका लागि एक महिना भिसा फ्रि, पोखराको फेवातालमा साइकल ट्र्याकदेखि बेगनास समेतलाई समेटेको छ। निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लगायत पर्यटन पूर्वाधारको कुरालाई पनि स्थान दिइएको छ।

बजेट समग्रमा स्वागत योग्य र सकारात्मक भए पनि यसको कार्यान्वयको अवस्था कस्तो हुन्छ भन्नेमा आशंका छ। यस अघिका मौद्रिक नीतिदेखि व्यवसायिक जीवनरक्षा कोष जुन व्यवसायीका लागि भनेर ल्याइए पनि कार्यान्वयको प्रक्रिया निकै झण्झटिलो हुँदा व्यवसायी लाभान्वित हुन सकेनन्। अहिलेकने अवस्थामा पनि बजेट राम्रो छ तर कार्यन्वयन भए मात्र यसले सार्थकता पाउनेछ। समग्रमा पर्यटन क्षेत्रले अहिलेको बजेटलाई स्वागत गरेको छ।

गणेश भट्टराई, पर्यटन व्यवसायी :

सधैंको जस्तो बजेट केही लामो भएपनि धेरै कुरालाई समेटेको छ। गतवर्ष ल्याएको बजेट र त्यसको कार्यन्वयनको पक्षलाई हेरेर विश्लेषण गर्नुपर्छ। बजेट आउँदा खुशी हुने तर कार्यन्वयन नहुँदा निराश हुने अवस्था हुनु हुँदैन।

पर्यटन क्षेत्रलाई पनि अहिले सम्बोधन भएको छ। ती सबै कुरासँगै पर्यटन प्रवर्द्धन गर्न अन्तराष्ट्रिय फ्लाईट कनेक्टिभिटीमा पनि जोड दिनुपर्छ, युरोपबाट नेपालसम्म 'डाइरेक्ट फ्लाईट' हप्तामा एक दिन मात्र भएपनि ल्याउन सक्नुपर्छ तर यस्तो कुरा आएन। सरकारले नीति कार्यक्रम ल्याउँछ तर त्यसको कार्यान्वयनमा व्युरोक्रेसीबाट द्रुत रुपमा काम हुन सक्दैन। सरकारले नागरिकलाई आशा जगाउनु पर्छ अब कार्यन्वयन पक्ष बलियो नभएसम्म एकदम खुशी हुनुपर्ने अवस्था छैन।

टीकाराम सापकोटा, पूर्व सदस्य, नेपाल पर्यटन बोर्ड :

बाँकी अन्तिम पृष्ठमा ▶▶

अन्तर्राष्ट्रियस्तरका खेलकूद पूर्वाधार निर्माण प्राथमिकतामा

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

गण्डकी प्रदेश सरकारले खेलकूद पूर्वाधार निर्माण र खेलाडीलाई प्रोत्साहित गर्दै खेल क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिने भएको छ।

आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले आगामी आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त आज प्रदेशसभामा प्रस्तुत गर्दै युवा तथा खेलकूदतर्फ खेलकूदको विकासका लागि अन्तर्राष्ट्रिय स्तरका खेलकूद पूर्वाधार निर्माणमा जोड दिइने बताउनुभयो । यसैगरी खेलकूदको विकासका लागि गण्डकी प्रदेश खेलकूद परिषद् र जिल्ला खेलकूद विकास समितिहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने सरकारको योजना छ । प्रदेश सरकारले प्रदेश खेलकूद परिषद् र ११ वटै जिल्लामा जिल्ला खेलकूद समितिका अध्यक्ष लगायतका पदाधिकारी नियुक्त गरेको छ।

गण्डकी प्रदेशमा यसअघि तय भएको नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता गत वर्ष कोरोनाका कारण आयोजना हुन नसकेकामा आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने योजना सरकारको छ। राष्ट्रिय खेलकूदका लागि सङ्घीय सरकारले बजेट विनियोजन गरेको छ । पोखरामा निर्माणाधीन अन्तर र्राष्ट्रियस्तरको फुटबल रङ्गशाला निर्माणका लागि बजेट विनियोजन गरिएको र आगामी आर्थिक वर्ष भित्रमा फुटबल रङ्गशाला सम्पन्न गर्ने योजना सङ्घ सरकारको बजेट कार्यक्रममा परेको थियो।

प्रदेश सरकारले युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता अभिवृद्धि गर्न युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन आवश्यक कार्यक्रम ल्याइने मन्त्री गुरुङले जानकारी दिनुभयो । सरकारले देश तथा विदेशमा कोभिड-१९ लगायतका कारणले रोजगारी गुमाएका तथा बेरोजगार नागरिकलाई रोजगारी प्रदान गर्न र स्वरोजगारी बढाउन उद्यमशीलता प्रवर्द्धन, बिउपुँजी, सहुलियतपूर्ण ऋण लगायतका कार्यक्रम सञ्चालन गरिने जनाएको छ।

विश्वकप छनोट खेल खेल्न नेपाली टोली कुवेतमा

रासस
काठमाडौं, १७ जेठ

विश्वकप फुटबलको छनोट खेल खेल्न नेपाली टोली कुवेत पुगेको छ । सन् २०२२ मा कतारमा हुने विश्वकप तथा २०२३ मा चीनमा हुने एसिया कपको संयुक्त छनोटअन्तर्गत दोस्रो चरणको छनोटको बाँकी खेल नेपाली टोली कुवेत पुगेको हो।

इराकसितको मैत्रीपूर्ण खेल खेलेर टोली त्यहाँबाट कुवेत प्रस्थान गरेको हो। कुवेतमा नेपाली टोलीले तीन खेल खेल्ने छ। पहिलो खेल नेपालले यही जेठ २० गते चाइनीज ताइपेइसित खेल्ने छ। दोस्रो खेल जेठ २४ गते जोर्डनसित तथा तेस्रो खेल जेठ २८ गते अष्ट्रेलियासँग खेल्ने कार्यक्रम रहेको अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ। विश्वकप छनोट र एसियन कप छनोटका लागी राष्ट्रिय टोलीका प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले २३ खेलाडी छनोट गर्नुभएको हो। नेपाली टोली स्थालमार्ग हुँदै कुवेत पुगेको हो। शनिबार नेपाल मैत्रीपूर्ण खेलमा इराकसित ६-२ गोलअन्तरले पराजित भएको थियो।

कुवेत पुगेपछि नेपाली टोलीका सबै सदस्यको पिसिआर परीक्षण गरिएको थियो । सबैको पिसिआर रिपोर्ट नेगेटिभ आएको एन्फाले जनाएको छ । नेपाली टोलीको गोलरक्षकमा किरण चेम्जोङ, विशाल सुनार र दीप कार्की, डिफेन्डरमा रोहित चन्द, अनन्त तामाङ, दिनेश राजवंशी, गौतम श्रेष्ठ, सुमन अर्याल र विकास खवास, मिडफिल्डरमा विशाल राई, मनिष डाँगी, एरिक विष्ट, कमल थापा, सन्तोष तामाङ, सुमन लामा, सुनिल बल, सुरजजिउ ठकुरी, पुजन उपरकोटी र आयुष घलान तथा फरवार्डमा अभिषेक रिजाल, अन्जन विष्ट, नवयुग श्रेष्ठ र आशिष लामा रहनुभएको छ।

विश्वकप छनोटमा नेपालले अहिलेसम्म एक खेलमा मात्र जित हासिल गरेको छ भने चार खेलमा पराजित भएको छ । समूह बी मा रहेको नेपाल तीन अंक जोड्दै चौथो स्थानमा छ । सोही समूहमा रहेको चाइनीज ताइपेइ अङ्कबिहीन छ । समूहको शीर्ष स्थानमा १२ अंकका साथ अस्ट्रेलिया छ भने दोस्रो स्थानमा १० अंकसहित कुवेत रहेको छ। यस्तै १० अंकका साथ जोर्डन तेस्रो स्थानमा छ।

विश्व फुटबल महासंघ (फिफा)को बरियतामा अष्ट्रेलिया ४१औं स्थानमा, जोर्डन ९५औं, चाइनिज ताइपेइ १४१औं तथा नेपाल १७१औं स्थानमा छ।

उपचारमा कुनै कमजोरी नगर्न अध्यक्ष तिमिल्सिनाको निर्देशन

पोखरापत्र संवाददाता
पर्वत, १७ जेठ

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले जिल्लामा कोरोना सङ्क्रमितको उपचार र रेखदेखमा कुनै कमजोरी नगर्न निर्देशन दिनुभएको छ।

सोमबार गृह जिल्लामा आउनुभएका अध्यक्ष तिमिल्सिनाले मानवीय जीवन सबैभन्दा अमूल्य रहेको बताउँदै कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने तर्फ सजग हुन आग्रह गरे । जिल्ला प्रशासन कार्यालयमा पुगेर डिसीसीएमसीसँग जिल्लाको समग्र कोभिड-१९ को अवस्थाबारे जानकारी लिँदै उनले आवश्यक निर्देशन समेत दिनुभएको हो। उनले अहिलेसम्मको व्यवस्थापन सन्तोषजनक रहेको बताउँदै महामारी अझै बढ्न सक्ने भएकाले तयारी व्यापक बनाउन आग्रह गरे । तिमिल्सिनाले पर्वतको समग्र स्वास्थ्य अवस्थाका बारेमा जानकारी समेत लिएका थिए। उनले महामहारी जुनसुकै बेला पनि आउन सक्ने भएकाले दिर्घकालीन योजनाहरु बनाएर अघि बढ्न आग्रह गरे । तिमिल्सिनाले विकास निर्माणका कामलाई निरन्तरता दिन समेत आग्रह गर्दै कोभीडका कारणले काम हुन नसकेर बजेट फ्रिज हुन नदिने बातावरण बनाउन निर्देशन दिए । तिमिल्सिनाले पालिका र सदरमुकाममा बन्ने स्वास्थ्य पूर्वाधाहरुलाई अस्थायी नभई स्थायी प्रकृतिका बनाउन समेत निर्देशन दिनुभएको प्रमुख जिल्ला अधिककारी देवी पाण्डे खत्रीले जानकारी दिइन । अध्यक्ष तिमिल्सिनाले निर्माणाधीन पर्वत अस्पताल र आइसोलेशन बोर्डको समेत अवलोकन समेत गर्नुभएको थियो । उनले सबै स्थानीय तह र निकाय एकजुट भएर काम गर्न समेत आग्रह गरे । कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि कुनै जनशक्ति वा औषधी उपकरण अभाव भएमा आफुलाई खबर गर्न समेत तिमिल्सिनाले आग्रह गरे । सो अवसरमा समग्र जिल्लाको अवस्थाका बारेमा प्रमुख जिल्ला अधिकारी खत्रीले जानकारी गराउनुभएको थियो भने कोभिड-१९ को व्यवस्थापनको बारेमा स्वास्थ्य कार्यालय पर्वतले जानकारी गराएको थियो । पर्वतमा दोस्रो लहरको कोरोना भाइरसबाट एक हजार दुई सय सङ्क्रमित भएकाले छन् भने ४४ जनाले ज्यान गुमाएका छन्।

संक्रमणबाट त्रिविका २३ जना कर्मचारीको निधन

रासस
काठमाडौं, १७ जेठ

त्रिभुवन विश्वविद्यालयले कोरोना भाइरस सङ्क्रमणका कारण आफ्ना २३ जना प्राध्यापक तथा कर्मचारी गुमाएको जनाएको छ।

त्रिविको सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले सङ्क्रमणका कारण ११ शिक्षक र १२ कर्मचारीको निधन भएको बताए । सहप्राध्यापकद्वय किशोर महर्जन र डा. शेरजङ्ग खड्का, उपप्राध्यापकमा शङ्कर सुवेदी, विनय प्रसाई, दिपक मैनाली, निमा शेर्पा र उमेश यादव, शिक्षण सहायकमा धर्मेन्द्र महर्जन र डोलबहादुर भण्डारी तथा आंशिक शिक्षकमा मनोज चौरसिया र नविन कर्णको सङ्क्रमणका कारणले निधन भएको छ । त्रिविले अहिलेसम्म ६१६ जना शिक्षक, कर्मचारी सङ्क्रमित भएको जनाएको छ। त्रिविले सङ्क्रमणको दोस्रो लहर शुरु भएपछि सबै परीक्षा स्थगन गरेको छ । सङ्क्रमणका कारण त्रिविका ७९ शिक्षण इकाइले पूर्ण रुपमा र ३० वटा निकायले आंशिक रुपमा अनलाइन कक्षा सञ्चालन गरिरहेको महाशाखा प्रमुख दाहालले जानकारी दिए।

बजेटमा ...

कोरोना महामारीको यो विषम परिस्थितीमा आएको बजेट प्रचार मुखी र लोकप्रिय देखिएको छ, यद्यपि अहिले पर्यटन क्षेत्रका अधिकांश विषयलाई सम्बोधन गरिएको छ । अब यसको कार्यन्वय पक्ष कस्तो हुन्छ भन्नेमा आशंका देखिएको छ।

गतवर्ष पनि मौद्रिक नीतिले समेटेको पुनकर्जा कोष ८० प्रतिशतले पाउन सकेनन्, व्यवसायी जीवन रक्षा कोष कार्यविधि बन्नमै समस्या देखियो । सरकारले ल्याएका नीतिनै प्रभावकारी भएनन भने बजेट आउनुमा मात्र खुशी हुने अवस्था हुँदैन । पर्यटकलाई भिसा फ्रि, होटललाई उद्योगसरह मान्यता, विद्युत डिमाण्ड शुल्कमा छुट, आयकरमा एक प्रतिशत मात्र, व्यवसाय नविकरणमा छुटलगायत गण्डकी प्रदेशका केही पर्यटकीय पूर्वाधारमा समेत सम्बोधन भएको छ, अब यसको कार्यन्वयन भए मात्र प्रतिफल पाउन सकिएला जस्तो लाग्छ।

कमला गिरी, महासचिव, नेपाल एशोसियसन टुर्र एण्ड ट्राभल्स एजेन्स नाट्टा गण्डकी प्रदेश :

बजेटमा टिकाटिप्पणी गर्नुपर्ने खासै देखिदैन । अहिलेको विषम परिस्थितिमा स्वास्थ्य शिक्षालाई प्राथमिकता दिदै पर्यटन क्षेत्रका पनि महत्वपूर्ण विषयलाई समेटिनु निकै सकारात्मक हो। ट्रेकिङ ट्राभल्स टुर्स प्याकेजमा मुल्य अभिवृद्धि कर छुट , खरिद विक्री खाता प्रमाणित हाललाई गर्नु नपर्ने, पेड होलिडे, पर्यटकलाई फ्रि भिसा, होटललाई उत्पादन उद्योग सरह मान्यता, फेवाताल, बेगनास वरिपरि साइकल ट्याक, अन्तर्राष्ट्रिय विमान स्थलका लगायतका पूर्वाधार साथै पुनःर्कजाको निरन्तरताका कुराहरु समेटिएको यो निकै स्वागतयोग्य छ अब यसको कार्यान्वयनमा जोड दिइएन भने यो प्रचारमुखी मात्र हुनेछ।

पार्वती पाण्डे, अध्यक्ष महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) :

समग्रतामा हेर्दा बजेट निकै राम्रो र सन्तुलित छ। यसले पर्यटन क्षेत्रमा आशा जगाएको छ। समेट्नु पर्ने विविध विषयले यसले समेटेको छ । एउटै प्रश्न यसको कार्यान्वय कति हुन्छ र यसबाट व्यवसायी र यस क्षेत्रसँग सम्बद्ध व्यक्तिहरु लाभान्वित हुन सक्छन कि सक्दैन भन्ने हो । पोखराको फेवा, वेगनासदेखि अन्तराष्ट्रिय विमान स्थलसम्मका कुरा, होटललाई उत्पादन उद्योग सरह मान्यता, व्यवसाय निरन्तरता कोषको निरन्तरता, आयकर एक प्रतिशत मात्र, पर्यटन व्यवसाय नविकरण शुल्कमा छुट, होटललाई क्वारेन्टाइन वा आइशोलेशनको रुपमा विस्तार गरी सेवामा दिएमा सरबाट सहयोग लगायतका विषय निकै राम्रा छन। यसको पूर्ण कार्यान्वयन भएमात्र यसको सार्थकता हुनेछ।

गण्डकी ...

मन्त्रीले प्रस्तुत गरेको विनियोजन विधेय २०७८ को बजेट प्रथामिकता र सिद्धान्तमा उल्लेख छ। त्यसै गरी स्थानीय तहका प्रशासनिक भवन निर्माण, सामुदायिक भवन तथा बस्ति विकास कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, सम्भाव्यता अध्ययन, बिस्तृत परियोजना प्रतिवेदन, जग्गा प्राप्ती लगायतका पूर्व तयारी पूरा भएका आयोजनाहरूमा मात्रै बजेट विनियोजन गरिने, प्रदेश सरकारले आवश्यक ठानेका तथा नयाँ पहिचान गरेका आयोजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन एवं बिस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गनिरे भएको छ। त्यस्तै उज्यालो गण्डकी प्रदेश र काठेपोल विस्थापन कार्यक्रमलाई निरन्तरता दिदै केन्द्रीय विद्युत प्रसारण लाइनमा आबद्ध हुन नसकेका स्थानमा सौर्य तथा वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रमलाई जोड दिइने भएको छ। यातायात सेवालाई व्यवस्थित गर्न विद्युतीय प्रणालीमा आवद्ध गरिने र ट्राफिक प्रणालीलाई चुस्त गरिने तथा विद्युतीय सवारी साधनलाई जोड दिइनेछ एवं यस क्षेत्रका व्यवसायी र मजदूरहरूको निम्ति राहतको कार्यक्रमहरू ल्याउने मन्त्री गुरुङले जनाए।

कोभिड अस्पताल लगायत स्वास्थ्य क्षेत्रको सुदृढीकरणको लागि स्वास्थ्य पूर्वाधारहरूको विकास र बिस्तार एवं पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष प्राथमिकता दिइने र आवश्यक अक्सिजन प्लान्टको स्थापना गरिने तथा वैकल्पिक स्वास्थ्य सेवाको माध्यमबाट आम नागरिकलाई सुविधा पुऱ्याउन आयूर्वेद चिकित्सा र योगा लगायतका कार्यक्रमलाई बिस्तार गरिने भएको छ। त्यस्तै आगामी बजेट प्रदेशको पहलमा स्थापना गरिएको सरुवा तथा संक्रामक रोग अस्पतालको समग्र गुरुयोजना तथा बिस्तृत परियोजना प्रतिवेदन तयार गरी पूर्वाधार निर्माण, क्षमता विकास र सेवा बिस्तारमा जोड दिइने र सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य थप सुनिश्चित गर्न 'एयर लिफ्टिङ' लगायतका कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

आगामी बजेटमा खेलकुद पूर्वाधार निर्माण र खेलाडीलाई प्रोत्साहित गर्दै खेलकुद क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिइने भएको छ भने अन्तर्राष्ट्रिय स्तरका खेलकुद पूर्वाधार निर्माणमा जोड दिदै युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता अभिवृद्धि गर्न युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन आवश्यक कार्यक्रम ल्याउने भएको मन्त्री गुरुङले जनाए। खेलकुदको विकासका लागि गण्डकी प्रदेश खेलकुद परिषद र जिल्ला खेलकुद विकास समितिलाई प्रभावकारी रुपमा सञ्चालन गरिने भएको उनले जनाए। पर्यटन क्षेत्रको समग्र विकासको गुरूयोजना निर्माण गरी पर्यटन पूर्वाधार तथा प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिने, नयाँ पर्यटन गन्तव्य र क्षेत्र पहिचान गरी पूर्वाधार विकासमा जोड दिने, पर्यटन क्षेत्रमा काम गर्ने श्रमिकहरूका निम्ति विशेष कार्यक्रमहरू ल्याउने भएको मन्त्री गुरुङले सदनमा पेश गरेको विनियोजन विधेयक, २०७८ को सिद्धान्त र प्राथमिकतामा उल्लेख छ। त्यसै गरी वैज्ञानिक खेती गर्ने, प्राङ्गारिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने, उत्पादित कृषि उपजको बजारीकरण सुनिर्शचित गरिने मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिइने, कृषि बजार पूर्वाधार विकास तथा मूल्य सृङ्खलामा आधारित उद्योग स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिने भएको छ। त्यस्तै कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न जग्गा चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिइने, चक्लाबन्दी गरिएका जग्गामा यान्त्रिकीकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने, घरमा पालिएका पशुमा पूर्ण खोप उपलब्ध गराउने कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ, सबै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूबाट आधारभूत प्रयोगशाला, कृषि तथा पशुपन्छी बीमा प्रिमियममा सहुलियत उपलब्ध गराउने तथा उपचार सेवा सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने भएको छ।

देश तथा विदेशमा कोभिड–१९ लगायतका कारणले रोजगारी गुमाएका तथा बेरोजगार नागरिकलाई रोजगारी प्रदान गर्न र स्वरोजगारी बढाउन उद्यमशीलता प्रवर्धन, बिउपुँजी, सहुलियतपूर्ण ऋण लगायतका कार्यक्रम सञ्चालन गरिने, उत्पादनमुखि, रोजगारी र गरिबी निवारणका कार्यक्रमहरूलाई जोड दिइने, व्यवसायमैत्री लगानीको वातावरण तयार गरिने, श्रमको उचित मूल्याङ्कन र श्रमजीवी वर्गको हित संरक्षण गर्दै श्रम तथा रोजगार प्रवर्द्धन गर्ने लगानी र कार्यक्रमलाई प्राथमिकतालाई दिइने गरी बजेट आउने तयारी गरिएको मन्त्री गुरुङले जनाए। हिंसा पीडित एवं वेवारिसे महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धार, संरक्षण एवं पुनर्स्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको मन्त्री गुरुङले बताए।

'समृद्ध प्रदेशः सुखी नागरिक' बनाउने प्रदेश सरकारको प्रतिबद्धतालाई आधारशिला मान्दै कोरोना महामारीबाट नागरिकको जीवनरक्षा, पर्याप्त औषधी, उपचारको व्यवस्था तथा प्रभावित आर्थिक, सामाजिक क्षेत्रलाई गतिशील बनाउन पुर्नजीवन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र कोभिड–१९ महामारीको तेस्रो लहर तथा भविष्यमा आउन सक्ने अन्य यस्तै विपद्का लागि पूर्वतयारी र व्यवस्थापनलाई विशेष प्राथमिकता दिने रणनितीमा रहेको उनले जनाए। संसद बैठक मंगलबार १ बजेसम्मको लागि स्थितग भएको सभामुख नेत्रनाथ अधिकारीले जनाए।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

सम्पादकीय

खोपको पहल

राष्ट्रपति विद्यादेवी भण्डारीले कोरोना भाइरसविरुद्धको खोपका लागि गरेको पहलका कारण चीनले १० लाख डोज खोप अनुदान दिने भएको छ। राष्ट्रपति भण्डारीले चिनियाँ समकक्षी सि जिनफिङसंग भएको टेलिफोन संवादबाट चीनले १० लाख खोप दिने घोषणा गरेको हो। चीनले दिएको खोप लिन नेपाल वायुसेवा निगमको जहाज जाँदैछ। चीनसँग थप खोप किन्न पहल पनि भएको छ। कोरोना महामारीको चपेटामा परेको बेला राष्ट्रपतिले अग्रसरता लिनु सकारात्मक हो। राष्ट्रपतिले भारत, अमेरिका र बेलायतसँग पनि कूटनीतिक पहल गरेकी छन्।

राष्ट्रपति भण्डारीले बेलायतकी महारानी एलिजावेथ द्वितीयलाई लेखेको पत्र आइतबार हस्तान्तरण गरिएको लन्डनस्थित नेपाली राजदूतावासले प्रेस विज्ञप्तिमार्फत जनाएको छ। यस्तै, राष्ट्रपति भण्डारीले खोप उपलब्ध गराउन आग्रह गर्दै अमेरिकी समकक्षी राष्ट्रपति जो बाइडेनलाई पत्राचार गरेकी छन। अमेरिकाका लागि नेपाली राजदूत डा. युवराज खतिवडाले राष्ट्रपतिको पत्र शुक्रबार डीसीस्थित स्टेट डिपार्टमेन्टका वरिष्ठ सल्लाहकार इर्भिन मासिंगालाई हस्तान्तरण गरे। राजदूत डा. खतिवडाले नेपालको पछिल्लो अवस्था र खोप योजनाबारे विस्तृतमा जानकारी गराएका थिए। यसअघि बुधबार राष्ट्रपतिले भारत र चीनका समकक्षीसँग सहयोगका लागि आग्रह गरेकी थिइन्।खोप उत्पादक शक्ति राष्ट्रसंग नेपाली जनताको ज्यान बचाउन गरेको पहलको विरोध गर्नु असंवेदनशीलता हो। विपक्षी काङ्ग्रेसले राष्ट्रपतिले शुरु गरेको खोप कुटनीतिको विरोध गरेर जनभावना विपरीत गएको छ।

सरकारले समयमै खोपको गंभिरता बुझ्न सकेको भए राष्ट्रपतिले अग्रसरता लिनुपर्ने थिएन। भारतसंग खोप किन्ने संझौता बमोजिमको खोप नआउँदा अन्योलको अवस्था आएको हो। नेपालले गरेको पहल चाँडै देखिएमा जनविश्वास पलाउँछ। स्वास्थ्य मन्त्रालयले खोप आयात गर्न उच्चस्तरीय संयन्त्रद्वारा पहल भइरहेको जनाएको छ। 'सरकारले उच्चस्तरीय सबै संयन्त्र प्रयोग गरी खोप प्राप्तिको प्रयास गरिराखेको', मन्त्रालयको प्रयासलाई राष्ट्रपतिबाट समकक्षीमार्फत भारत, चीन, अमेरिकालगायत देशसँग खोप प्राप्तिका लागि भएको पहलले सघाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि विभिन्न कूटनीतिक नियोगसँग पहल गरिरहेको छा 'कहिलेसम्ममा कति खोप आउने भन्ने यकिन भइसकेको छैन'।

मुलुकका १४ जिल्लामा ५५ वर्ष माथिका नागरिकलाई र बाँकी जिल्लामा ६५ वर्षका नागरिकलाई पहिलो डोज खोप लगाइएको छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार पहिलो डोज लगाएको ९ देखि १२ साताभित्र दोस्रो डोज खोप लगाउनुपर्ने हुन्छ। करिब साढे १३ लाख नागरिकलाई तत्कालै दोस्रो खोप लगाउनुपर्ने आवश्यकता रहेको छापहिलो खोप लगाएकालाई दोस्रो खोप दिलाउनका लागि सबैको पहल हुनुपर्छ। 'कोभिसिल्डको दोस्रो मात्रा उपलब्ध हुने संभावना तत्कालै देखिएको छैन। कोभिसिल्ड, एस्ट्राजेनेका वा एस्केबायोजस्ता एउटै प्रकृतिका खोप उपलब्ध गराइदिन विभिन्न संयन्त्रमार्फत प्रयास भइरहेको छ। यसमा सकारात्मक जवाफ आए पनि खोप प्राप्त हुने बित्तिकै खोप खरिद गरेर जनताको ज्यान बचाउने काम अहिलेको मुख्य काम हो।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: ब्यापारमा लाभ
वृष	: मन चञ्चल	वृश्चिक	: सत्कार मिल्नेछ
मिथुन	: शत्रुको भय	धनु	: सहयोग मिल्नेछ
ककर्ट	: मानसिक तनाब	मकर	: शारिरीक झमेला
सिंह	: आर्थिक समस्या	कुम्भ	: सम्मान मिल्नेछ
कन्या	: कार्यमा सफलता	मीन	: झमेला बढ्ने

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

पीडित किसानको साथमा स्थानीय सरकार

रासस
गल्याङ, १७ जेठ

गल्याङ नगरपालिका-११ जिमुहाँका किसान व्यावसायिक रुपमा मौसमी एवं बेमौसमी तरकारी खेती गरेर आत्मनिर्भर बन्ने योजना अनुसार तरकारी खेतीमा लागेका छन्। तरकारी खेतीबाटै आफ्नो दैनिकी चलाउने योजनाका साथ यो पेशामा लागेका किसानलाई भने यतिबेला कोरोना संक्रमणका कारण लम्बिदै गएको निषेधाज्ञाले चिन्तित बनाएको छ।

स्थानीय सरकार पनि किसानको पिडालाई सकेसम्म हल गर्ने अभियानमा लागेका छन्। संक्रमणका कारण अस्पतालमा श्रीमतीको मृत्यु भएपछि काजक्रियामा रहेका किसान चन्द्रकान्त डुम्रे आफूले दुःख गरी लगाएको तरकारी बारीमै कुहिएर जाने अवस्था आएपछि श्रीमतीको मृत्युसँगै बिक्रीका लागि बजार लैजान तयारी अवस्थामा रहेका तरकारी बारीमै कुहिएर जाने अवस्था आएको बताउनुहुन्छ।

नगरपालिकाले उहाँले डुम्रेको तरकारी बारीमा फलेका तरकारी नगरपालिकाकै सवारी साधनमा बारीमै पुगेर संकलन गरी बजारमा बिक्री वितरण गरिदिएपछि केही राहतको महशुस गर्नुभएको छ। परिवारमा मृत्युको पीडा भोगिरहेको डुम्रे परिवारको लागि गल्याङ नगरपालिकाले खेतबारीमै कुहिएर जाने अवस्थामा रहेको तरकारी बजारमा लाने व्यवस्था मिलाएपछि नगरपालिकाको यो कार्य डुम्रे परिवारको लागि दुःखेको घाउमा मलम बन्न पुगेको छ।

आइतबार नगरपालिकाको सवारीसाधन सहितको टोलीले डुम्रेको तरकारी बारीमा उत्पाद भएका गोलभेडा, घिरौला, सिमी, करेला, लौका लगायतका तरकारी गरी करिब ४ सय किलो तरकारी बजारमा विक्रिवितरण गरेको छ। डुम्रेको परिवारमा श्रीमतीको निधन संगै आएको समस्या समाधानका लागि यस क्षेत्रका अगुवा समाजसेवी अर्जुन भुजेलको पहलमा गल्याङ नगरपालिकाले समस्या समाधानको लागि तत्कालै खेतमा पुगेर उत्पादित तरकारीको बिक्रीको व्यवस्था मिलाएको हो।

किसानले उत्पादन गरेको तरकारी बारीमै कुहिएर जाने अवस्था आएपछि तुलसी भञ्ज्याङ सानाकिसान कृषि सहकारीका अध्यक्ष दलबहादुर सिंजालीले गल्याङ नगरपालिकासँग समन्वय गरेर नगरपालिकाको जीप प्रयोग गरी उत्पादित तरकारीलाई बजार गरिएको बताउनुभयो।

गल्याङ नगरपालिकाका प्रमुख भुपराज अधिकारीले नगरपालिका किसानको साथमा रहेकोले किसानले उत्पादन गरेका वस्तु खेर जान नदिने बताउँदै नगरपालिका नरवासीका हरेक दुःख सुखम साथमा रहने जनाउनुभयो।

नगरपालिकाले किसानलाई परेको यो दुःखको समयमा गरेको सहयोगले व्यावसायिक रुपमा तरकारी खेती गर्दै आएका किसान चन्द्रकान्त डुम्रेलाई राहत मिलेको भन्दै दुःखको बेला स्थानीय सरकारले देखाएको सक्रियता निकै प्रशंसनीय रहेको स्थानीय कृषि उद्यमी रुमलाल कडेलले बताउनुभयो। लामो समयदेखि तरकारी खेती गर्दै आउनुभएका कृषक डुम्रेले करिव १० रोपनी जमीनमा तरकारी खेती गररे वार्षिक करिव ४ लाख रुपैयाँ आम्दानी गर्ने गरेको बताउनुभयो। दुःखमा परेको बला नगरपालिका लगायत स्थानीय बासिन्दाले गरेको सहयोगले आफुमा कामको लागि थप आत्मबल बढेको समेत उहाँले बताउनुभयो। यहाँका किसान आलुखेती, कुखुरापालन, गाईभैंसीपालनलगायतका नगदे कृषिबाली र कृषिजन्य उत्पादनमा सक्रिय हुदै आएका छन्। किसानहरुले तरकारी खेतीका साथै धान, मकै र गहुँको बिउको उत्पादनका लागि समेत पकेट क्षेत्र घोषणा गराएर उत्पादनमा लागेको पाइन्छ।

भेन्टिलेटर र आइसियु प्रयोगमा आउन सकेन

पोखरापत्र संवाददाता
म्याग्दी, १७ जेठ

जिल्ला सदरमुकामस्थित बेनी अस्पतालमा स्थापना गरिएको सघन उपचार कक्ष (आइसियु) र भेन्टिलेटर पूर्णरूपमा प्रयोगमा आउन सकेको छैन।

जनशक्ति अभावका कारण गम्भीर बिरामीको उपचार गर्न गत असारमा स्थापना गरिएको आइसियु सञ्चालन गर्न समस्या भएको हो। गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयमार्फत अस्पतालमा दुई वटा भेन्टिलेटरसहित पाँच शय्याको आइसियु कक्ष स्थापना गरिएको थियो। दक्ष र आवश्यक जनशक्ति नहुँदा नियमितरूपमा आइसियु सञ्चालनमा ल्याउन नसकिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो। गण्डकी प्रदेश सरकारमातहत रहेका अस्पतालमा भेन्टिलेटरसहितको आइसियु कक्ष बनाउने निर्णयबमोजिम म्याग्दीमा गत असारमै दुई भेन्टिलेटर र पाँच शय्याको आइसियु मेशिन तथा उपकरण र सामग्री खरिद गरी जडानसमेत भएको थियो।

प्रदेश सरकारमार्फत रु एक करोड ७८ लाख बजेट विनियोजन भएकोमा बोलपत्रमार्फत रु एक करोड २५ लाखमा आइसियु र भेन्टिलेटरको उपकरण र सामग्री खरिद गरिएको अध्यक्ष कटुवालले जानकारी दिनुभयो। आइसियु कक्ष नियमितरूपमा सञ्चालन गर्नका लागि कम्तीमा एक/एक जना इन्टरनल मेडिसिन र बेहोस बनाउने डाक्टर (एनएस्थिसियोलोजिस्ट) आवश्यक पर्ने भए पनि सो जनशक्ति नरहेकाले नियमित सञ्चालनमा ल्याउन नसकिएको अध्यक्ष कटुवाल बताउनुहुन्छ। "अस्पतालमा हाल मौजुदामध्ये थप छ चिकित्सक र १२ स्टाफ नर्स आवश्यक पर्छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारसँग जनशक्ति उपलब्ध गराउन नसके आन्तरिक स्रोतले व्यवस्थापन गर्न भए पनि अनुमति मागेका छौं।" अस्पतालका प्रमुख चिकित्सक जितेन्द्र कडेलका अनुसार आकस्मिकरूपमा छोटो समयका लागि मात्रै भेन्टिलेटरसहितको आइसियु कक्षमा बिरामीको उपचार गर्न सम्भव छ। "आइसियुमा राख्नुपर्ने बिरामीको सङ्ख्या कमै हुन्छ", उहाँले भन्नुभयो "अरु विकल्प नभएको अवस्थामा आइसियु सञ्चालन भएको छ।" गत वर्षदेखि मिर्गौला पीडितका लागि डायलासिस सेवासमेत सञ्चालन गरिएको र कोरोनाका बिरामीको आइसोलेसनमा समेत सेवा दिनुपर्ने भएकाले थप जनशक्ति व्यवस्थापन गर्न जरुरी रहेको अस्पतालले जनाएको छ। भेन्टिलेटरसहितको आइसियु कक्षलाई नियमित सञ्चालन गर्न प्रदेश सरकार र विभागमा माग भए पनि अहिलेसम्म सुनुवाइ नभएको अध्यक्ष कटुवालले बताउनुभयो। बेनी अस्पतालमा म्याग्दी जिल्लाका साथै छिमेकी जिल्ला पर्वतको जलजला गाउँपालिकाका र बागलुङको पश्चिम भेगका स्थानीयवासीले समेत सेवा लिँदै आएका छन्। कोरोना सङक्रमितको उपचारलाई प्रभावकारी बनाउन आइसियु र भेन्टिलेटर प्रयोगमा ल्याउनुपर्ने आवश्यकता महसुस भएको स्थानीयवासी खम थापाले बताउनुभयो।

अस्पतालमा रहेका आइसियु र भेन्टिलेटरका उपकरण प्रयोगविहीन बन्ने र अर्कोतर्फ गम्भीर प्रकृतिका कोरोना सङ्क्रमित बिरामीलाई धेरै पैसा खर्चिएर पोखरा, काठमाडौं पुऱ्याउनुपर्ने बाध्यता सिर्जना हुनु दुःखद् रहेको बेनी नगरपालिका-६ का नारायण शर्माले बताउनुभयो।

बेनी अस्पतालमा एचडियु र अक्सिजनसहितको २५ शय्या क्षमताको आइसोलेशन सञ्चालन गरेर कोरोना सङ्क्रमितको उपचार भइरहेको छ। दोस्रो लहरको सङ्क्रमण फैलिएपछि करिब १०० जटिल अवस्थाका सङ्क्रमितको सफल उपचार भएको छ।

सीमित जनशक्ति, पूर्वाधार र उपकरणका बावजुद चिकित्सक र स्वास्थ्यकर्मीहरूले सेवा दिइरहेका छन्। पाँच वर्षअघि ५० शय्या क्षमतामा स्तरोन्नति भएको बेनी अस्पतालमा हाल नौ जना चिकित्सक छन्।

एक हप्ता थपियो निषेधाज्ञा

पोखरापत्र संवाददाता
तनहुँ, १७ जेठ

साताको दुई दिन बैंक तथा वित्तीय संस्थालाई खुला गर्न दिइने गरी म्याग्दीमा सोमबारदेखि एक हप्ता निषेधाज्ञा थप गरिएको छ।

जिल्लामा कोरोना सङ्क्रमणको दर बढ्दै गएपछि त्यसको रोकथाम तथा नियन्त्रणका लागि आइतबार प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) को बैठकले आज राति १२ बजेदेखि लागू हुने गरी एक साता निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो। जारी निषेधाज्ञा आज राति सकिँदैछ। निषेधाज्ञाको समयावधिभरि अत्यावश्यक बाहेकका सबै सेवा बन्द हुनेछन्। साताको आइतबार र बुधबार दुई दिन बिहान १० देखि २ बजेसम्म बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई खोल्न दिने निर्णय भएको प्रजिअ अधिकारीले बताउनुभयो। यसैगरी तरकारी, खाद्यान्न, बीउबिजन, कृषि औजार, निर्माण सामग्रीका पसलहरू बिहान ५ देखि १० बजेसम्म खुल्ला रहनेछन्।

६६ जिल्लाका आधारभूत विद्यालयमा इन्टरनेट जडान गरिने

रासस
काठमाडौं, १७ जेठ

सरकारले ६६ जिल्लाका आधारभूत विद्यालयमा 'ब्रोण्डब्याण्ड इन्टरनेट' पुऱ्याउने भएको छ। ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी ती विद्यालयमा इन्टरनेट सेवा जडान तथा सञ्चालनको तयारी थालिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले आज एक सूचना जारी गर्दै ती जिल्लाका स्थानीय तहलाई समझदारी पत्रमा हस्ताक्षर गर्न आग्रह गरेको छ सूचना अनुसार विनासकारी गोरखा भूकम्पबाट अति प्रभावित काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुगां र काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर बाहेकका जिल्लाका सबै आधारभूत विद्यालयमा इन्टरनेट जडान हुने जनाइएको छ। सूचनामा १५ दिनभित्र समझदारी पत्रमा हस्ताक्षर गर्न भनिएको छ।

भारतमा कोभिड-१९ को संक्रमण दर घट्ने क्रम जारी

रासस
काठमाडौं, १७ जेठ

कोरोनाभाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि संक्रमण दरमा कमी आएको छ।

पछिल्लो २४ घण्टामा १ लाख ५२ हजार ७३४ जनामा थप व्यक्तिमा कोरोना संक्रमण भएसँग देशभर हालसम्म कूल २ करोड ८० लाख ४७ हजार ५३४ व्यक्ति कोरोना संक्रमित भएका छन्। भारतमा हिजो कोरोना संक्रमितको संख्या गत ५० यताको नै कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

तर भारतमा दैनिक मृत्यु दरमा सोचेजति कमी आएको छैन। मन्त्रालयले सोमबार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा ३ हजार १२८ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको उल्लेख छ। यो सहित भारतमा हालसम्म कोभिड-१९ को संक्रमणबाट ३ लाख २९ हजार १०० जनाको ज्यान गएको छ। भारतमा हाल कोभिड-१९ का २० लाख २६ हजार ९२ व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन्। विगत २४ घण्टामा २ लाख ३८ हजार २२ ब्यक्ति कोभिडबाट संक्रमणमुक्त भएका जनाएको छ। भारतमा गत मे १० मा सक्रिय संक्रमितको संख्या उच्च विन्दुमा पुगेको थियो। भारतमा हालसम्म ३४ लाख ३१ हजार ५४ हजार व्यक्तिको कोरोना परिक्षण गरिएको सरकारी स्रोतले जानकारी दिएको छ। भारतमा गत जनवरी १६ तारिखबाट कोरोनाविरुद्ध खोप अभियान शुरु भएको थियो। मन्त्रालयका अनुसार हालसम्म कूल २१ करोड ३१ लाख ५४ हजार डोज खोप लगाइएको छ।

सुर्तीजन्य पदार्थ सेवन गर्नेमा सङ्क्रमणको जोखिम

रासस
काठमाडौं, १७ जेठ

सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्ति कोभिड-१९ सङ्क्रमणको उच्च जोखिममा हुने गरेको छन्। सुर्तीजन्य पदार्थको सेवनले फोक्सो, मुटुमा असर गर्ने र सङ्क्रमणले पनि फोक्सो र मुटुलाई बढी असर गर्ने भएकाले जोखिम रहेको हो।

सङ्क्रमणको दोस्रो लहर देखिएपछि अधिकांश बिरामीमा फोक्सो र मुटमा गम्भीर असर पुऱ्याएको छ। अहिले सङ्क्रमितलाई धेरै जसो फोक्सोमा समस्या आई अक्सिजन दिनु परेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र एक्शन नेपालले आज यहाँ आयोजना गरेको 'कोभिड-१९ को सङ्क्रमणबाट बचाउन नागरिकलाई सुर्तीजन्य पदार्थ छुटाउ' विषयक अन्तरक्रिया कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रतिनिधि डा राजेश पाण्डवले सुर्तीजन्य पदार्थ सेवन गर्नेको फोक्सोमा पहिले नै क्षति भइसकेको हुने र सङ्क्रमणले झनै असर गर्ने गरेको छ।

उहाँले अहिले सङ्क्रमणले सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिलाई बढी गम्भीर बनाउने भएकाले सेवन छाड्नुपर्ने बताउनुभयो। उहाँका अनुसार धुम्रपान तथा सुर्तीजन्य पदार्थ त्याग गरेको २० मिनेटमा नै मुटुको धड्कनमा सुधार आउने बताउनुभयो। यस्तै धुम्रपान छाडेको १२ घण्टाभित्र रगतमा कार्बोनमोनोअक्साइडको मात्रा कम भई रक्तचाप सामान्य अवस्थामा आउने र दुई हप्तादेखि १२ हप्तामा फोक्सोमा सुधार आउने, एकदेखि नौ महिनासम्म खोक्ने र छिटोछिटो सास फेर्नमा सुधार आउँछ। यसैगरी १० वर्षभित्रमा फोक्सोको क्यान्सर तथा १५ वर्षभित्रमा मुटुसम्बन्धी रोग लाग्ने सम्भावनासमेत घट्छ।

नेपाल कार्डियो सेन्टरका वरिष्ठ कार्डियोलोजिष्ट डा ओममुक्ति अनिलले अहिले कोभिड-१९ का कारणले सुर्तीजन्य पदार्थ सेवन घटेको बताउनुभयो। उहाँले अहिले घटिरहेको सुर्तीजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्न उत्प्रेरणा दिने खालका कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो। उहाँले दिनमा एकदुईवटा चुरोट खाँदा पनि हृदयाघात, फोक्सोमा क्यान्सर जस्ता समस्या देखिएको जानकारी दिनुभयो। युवा अवस्थामा नै सुर्तीजन्य पदार्थको सेवन छाड्न सके स्वास्थ्यलाई फाइदा हुने उहाँको भनाइ छ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा राधिका थपलियाका अनुसार नेपालमा वर्षेनि २७ हजार १३७ व्यक्तिको मृत्यु सुर्तीजन्य पदार्थको सेवनले हुने गरेको छ। त्यो नेपालमा मृत्युको करीब १५ प्रतिशत हो। सुर्तीजन्य पदार्थको सेवनले नसर्ने रोग क्यान्सर, मुटुरोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गरेको छ।

विश्वमा करीब ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनबाट हुने र १२ लाख व्यक्तिको सँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने गरेको छ। केन्द्रका निर्देशक डा थपलियाका अनुसार नेपालको तथ्याङ्कले हाल सुर्तीजन्य पदार्थ सेवन गर्ने २८.९ प्रतिशत रहेका देखाएको बताउनुभयो। तीमध्ये ४८.३ पुरुष र ११.६ प्रतिशत महिला छन्। यसैगरी पहिलोपटक धुम्रपान शुरु गर्दाको औषत उमेर १७.८ रहेको छ।

दिनहुँ चुरोट खाने व्यक्तिले प्रत्येक दिन करीब ६.५ वटा चुरोट खाने गरेका छन्। नेपालमा वर्षेनि सुर्तीजन्य पदार्थको सेवनले उपचारार्थ खर्च, रोगीको उत्पादकत्वमा आएको ह्रास, अकाल मृत्यु र अशक्त हुँदा करीब रु ४७ अर्ब क्षति हुने गरेको छ।

विदेशबाट फर्केर व्यावसायिक बङ्गुरपालन

पोखरापत्र संवाददाता
तनहुँ, १७ जेठ

जिल्लाको देवघाट गाउँपालिका-२ खाल्टे निवासी इन्द्रबहादुर सुनारीले व्यावसायिकरूपमा बङ्गुर पाल्न शुरु गर्नुभएको छ । साउदी अरब र कतारमा लामो समय बिताउनुभएका सुनारीले स्वदेश फर्किएपछि बङ्गुर पाल्न शुरु गर्नुभएको हो । गत वैशाख महिनादेखि व्यावसायिकरूपमा बङ्गुर पाल्न थालेको उहाँले बताउनुभयो । श्री लाफा पशुपन्छी कृषि तथा बङ्गुर पालन फार्म दर्ता गरी शुरुमा रु चार लाख लगानी गरेर स्वदेशमै बसेर कृषि व्यवसाय शुरु गरेको उहाँको भनाइ छ ।

धेरै क्षेत्रको अनुभव बटुल्नुभएका सुनारीले कृषि क्रान्ति गरी गाउँमै स्वरोजगार बन्ने उद्देश्यले व्यवसाय थालेको बताउनुभयो ।

उहाँको फार्ममा अहिले ल्याडेस, धराने कालो बङ्गुर, दिउरोग गरी सात पाठी र सय प्रतिशत जातको चार वीर पाठा छन् । बङ्गुर पालनसँगै भविष्यमा माछा पालन, बोइलर तथा लोकल कुखुरा पालन गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

निषेधाज्ञाले बारीमै सड्दै तरकारी, किसान चिन्तित

पोखरापत्र संवाददाता
म्याग्दी, १७ जेठ

स्थानीय प्रशासनले निषेधाज्ञा जारी गर्दा म्याग्दीका किसानले उत्पादन गरेको तरकारी बिक्री हुन नसकी बारीमै सड्न थालेको छ ।

विश्वभर फैलिएको कोभिड १९ को सङ्क्रमण फैलिन नदिन भन्दै प्रशासनले निषेधाज्ञा जारी गर्दा बजारमा लैजान तयार भएको तरकारी बिक्री नहुँदा किसानहरू चिन्तित भएका हुन् ।

बजारसम्म तरकारी पुऱ्याउन नसक्दा र पुऱ्याएको तरकारी पनि बिक्री नभएपछि तरकारी बारीमै सड्न थालेको बेनी नगरपालिका-२ खबराका कृषक शोभित शर्माले बताउनुभयो । सात रोपनी जग्गामा लगाएको तरकारी बिक्री नहुँदा पशुलाई खुवाउनु पर्ने वा काटेर फाल्नुपर्ने अवस्था आउन थालेको उहाँको भनाइ छ ।

शर्माले भन्नुभयो, "बजार सबै बन्द छन्, बजारमा भाडामा बस्नेहरू पनि सबै गाउँ उक्लिएका छन्, को आएर हाम्रो तरकारी किनिदिने हो र ? किन्ने मान्छे नै आउँदैनन्", उहाँले भन्नुभयो । गत वर्षको बन्दाबन्दीले भन्दा यो वर्षको निषेधाज्ञाले किसानलाई बढी घाटा पुऱ्याएको उहाँको भनाइ छ । यो वर्ष कोरोनाले धेरै मानिसको मृत्यु भएका कारण पनि मानिस डराएकाले कोही पनि बारीमा किन्न नआउने गरेको उहाँले बताउनुभयो ।

त्यस्तै अवस्था छ खबराकै अर्का अगुवा कृषक चन्द्रबहादुर कार्कीको पनि । कार्कीले करिब १० रोपनी जग्गामा लगाएको तरकारी खेती अहिले पशुको आहारा बनेको छ । "दश रोपनीमा लगाएको मुला, काँक्रो, धनियाँ, सिमी, बन्दा, करेलालगायतका तरकारी बिक्री नभएपछि लगानी नै उठाउन गाह्रो भएको छ", कार्कीले भन्नुभयो "गत वर्ष लकडाउन भए पनि रु चार लाख आम्दानी भएको थियो, तर यो वर्ष भने एक दुई लाख हुन्छ कि हुँदैन चिन्ताले सताउन थालेको छ ।" निषेधाज्ञा नहुँदै टिप्ने नभएको र टिप्ने समयमा लकडाउनले बजार पठाउन नपाएको मङ्गला गाउँपालिकाका अर्का कृषक टेकनाथ सापकोटाले भन्नुभयो । उहाँका अनुसार सिमी, बन्दा, धनियाँ, काँक्रो छिप्पिएर काम नलाग्ने भइसकेका छन् । आधाजति तरकारी पशुलाई खुवाइसकिएको र आधा बारीमै कुहेर खेरजाने अवस्थामा पुगेका छन् ।

तरकारीको बिक्रीले नै घरखर्च टार्ने यहाँका किसानहरू आम्दानी नभएपछि मर्कामा परेको स्थानीय तहका जनप्रतिनिधिको भनाइ छ । म्याग्दीमा २०० भन्दा बढी कृषकले व्यावसायिक तरकारी खेती गरेका छन् । ती सबै कृषकले उत्पादन गरेको तरकारीले अहिले बजार नपाउँदा खेतबारीमै खेर जान थालेको मङ्गलाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । यहाँका कृषकहरूले तरकारी बिक्री गरेर वार्षिक रु १० करोडदेखि रु १६ करोडसम्म आम्दानी गर्दै आएका कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ ।

९६ वर्षीय वृद्धाले जित्नुभयो कोरोना

-कमल खत्री
बेनी, १७ जेठ (रासस)

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाम निवासी ९६ वर्षीय वृद्धाले कोरोना भाइरसको सङ्क्रमणलाई जित्न सफल हुनुभएको छ । दग्नामको कान्छी गाउँ घर हुनुभएकी इनरूपीदेवी पुनले गाउँपालिकाकै कोरोना अस्पतालमा उपचार गरी कोरोनाबाट निको हुनुभएको हो । सात दिनअघि कोरोना सङ्क्रमणको कारण श्वासप्रश्वास, ज्वरोलगायतका समस्या देखिएपछि पुनलाई अस्पतालमा भर्ना गरिएको थियो ।

एक साताको उपचारपछि पुनको स्वास्थ्यमा सुधार आएको र कोरोना सङ्क्रमण मुक्त भएपछि उहाँलाई घर पठाइएको गाउँपालिकाको कोभिड-१९ अस्पतालका डा सन्तोषप्रसाद बोहराले जानकारी दिनुभयो । "उहाँलाई अक्सिजन लगाएरै स्वास्थ्यकर्मीसहितको टोलीले अस्पतालमा ल्याउनुभएको थियो, अस्पतालमा ल्याउँदा उहाँमा ६६ प्रतिशत मात्रै अक्सिजनको मात्रा थियो, एक सातासम्म हामीले सम्भव भएसम्मको विधिबाट उपचार गऱ्यौं, अहिले अक्सिजनको तह पनि ठीक छ, कोरोना परीक्षण गर्दा नेगेटिभ देखिएको छ, त्यसपछि उहाँलाई घर फिर्ता गरेका छौं", डा बोहराले भन्नुभयो । अस्पतालसम्म ल्याइपुऱ्याउँदा मानिस चिन्न समेत छाडिसक्नुभएकी वृद्धा आमाले कोरोना सङ्क्रमण जितेर निको भएपछि पहिलेकै जस्तो सामान्य अवस्थामा फर्कनुभएको पुनका छोरा खिमबहादुर पुनले बताउनुभयो । "अस्पतालको उपचारबाट हामी खुसी छौं, शुरुमा आमाले मलाई समेत चिन्नुहुँदैन थियो, उपचार गर्दै जाँदा चिन्न थाल्ने हुनुभयो, डाक्टर र स्वास्थ्यकर्मीले निरन्तर जाँच र हेरचाह गरेकामा हामी हर्षित भएका छौं", पुनले भन्नुभयो ।

कोरोना जितेर निको भएपछि वृद्धा पुनलाई गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले रोगप्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक विज्ञहरूबाट सिफारिस भएका औषधिहरू उपलब्ध गराएर बिदाई गर्नुभएको थियो । सो अवसरमा पुनले अस्पतालको सेवा र उपचारको क्रममा निःशुल्क खाना खाजाको सुविधाबाट प्रभावित भएर उक्त सेवाकै लागि रु सात हजार नगद समेत सहयोग हस्तान्तरण गर्नुभएको थियो ।

यसैबीच कोरोना सङ्क्रमणको कारण पोखरासम्म पुगेर उपचार गर्दा समेत निको नभएपछि रघुगङ्गाकै कोभिड अस्पतालमा फर्किएर उपचार गराउनुभएका पिप्ले निवासी ५३ वर्षिय रत्नबहादुर शाहीले समेत कोरोना जितेर घर फर्कनुभएको छ । उहाँको स्वास्थ्यमा थप अन्य समस्या देखिएपछि थप जाँचका लागि बेनी हुँदै पोखराको गण्डकी मेडिकल कलेजमा पठाइएको थियो । गण्डकीमा आइसियू कक्षमा समेत राम्रो उपचार नभएपछि उहाँका आफन्तले शाहीलाई गाउँकै कोभिड अस्पतालको आइसोलेसनमा राखेर उपचार गराउने गरी फर्काउनुभएको थियो ।

कोभिड अस्पतालमै उपचार गरी निको भएपछि शाहीसमेत आइतबार घर फर्कनुभएको छ । "ठूला अस्पतालमा समेत राम्रो उपचार पाइने देखिन, बरु यहीँकै अस्पतालमा उपचार गराउने निधो गरेर फर्किएको थिएँ, यहाँ आएपछि उपचार गर्दै जाँदा मेरो स्वास्थ्यमा क्रमिक सुधार आयो, आज निको भएर घर फर्कंदै छु, यहाँका डाक्टर र स्वास्थ्यकर्मीको यो गुन म कहिल्यै भुल्ने छैन्", शाहीले भन्नुभयो । रघुगङ्गाको कोभिड अस्पतालमा बिरामी र कुरुवाहरूलाई निःशुल्क खानाको समेत व्यवस्था गरिएको छ । स्थानीय नवसन्तोष सेवा युवा क्लब, सिवाइजी क्लब र रेडक्रस पिप्ले उपशाखाको अगुवाइमा स्थानीय युवाहरूले स्वयमसेवक रूपमा परिचालन भएर सहयोगदातामार्फत सहयोग जुटाएर बिहानदेखि बेलुकीसम्म नै भर्ना भएका बिरामी र उनीहरूका कुरुवालाई निःशुल्क खाना, खाजा खुवाउँदै आएको पिप्लेका वडाध्यक्ष जीवनकुमार मल्लले जानकारी दिनुभयो ।

यसैबीच कोरोना जितेर घर फर्कनुभएका शाहीले निःशुल्क खानाको व्यवस्थापनका लागि रु २१ हजार ५०५ र अस्पतालका स्वास्थ्यकर्मीको प्रोत्साहनका लागि समेत रु २१ हजार ५०५ नगद सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । रघुगङ्गाको कोभिड अस्पतालमा अहिलेसम्म ५६ जनाको उपचार गरिसकिएको छ । गत वैशाख २१ गतेबाट रघुगङ्गाले कोभिड अस्पतालबाट सेवा सञ्चालन गरेको थियो । अस्पतालमा आएका अधिकांश अक्सिजन लगाएर उपचार गराउनुपर्ने बिरामीहरू निको भएर घर फिर्ता भएका छन् । गाउँपालिकालेदुईसवारीसाधनमार्फत बिरामीलाई अस्पतालसम्म ल्याउने र निको भएपछि घरमा पुऱ्याउने काम समेत गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो ।

लयमा फर्कंदै विद्युत् उत्पादन

-जनक श्रेष्ठ
लमजुङ, १७ जेठ (रासस)

लमजुङमा उत्पादन थालेका जलविद्युत् आयोजनाहरूले क्षमताअनुसार विद्युत् उत्पादन गर्न थालेका छन् । नदीमा पानीको बहाव कम भएसँगै क्षमताभन्दा न्यून उत्पादन गरिरहेका ती आयोजनाले हालैको वर्षात्पछि पूरै क्षमतामा बिजुली उत्पादन गर्न थालेका छन् ।

डुम्रे-बेँसीशहर सडकखण्ड नजीकै जिल्लास्थित बेँसीशहर नगरपालिका-१ दलालमा रहेको ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनामा विद्युत् उत्पादन बढेको छ । केही दिनअघिसम्म ५०/५५ मेगावाट मात्र बिजुली उत्पादन रहेकामा तीन दिनअघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन हुन थालेको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख शिवकुमार शाहले बताउनुभयो । उहाँले भन्नुभयो, "केही दिनको निरन्तर पानीले मर्स्याङ्दी नदीमा पानीको बहाव वृद्धि भएसँगै बिजुली उत्पादन बढेको छ ।

आयोजनाका अनुसार यस नदीमा पानी कम हुँदा विद्युत् उत्पादन घटेर यस वर्ष २२/२३ मेगावाटसम्म मात्र विद्युत् उत्पादन भएको थियो । विगतका वर्षमा २५/२६ मेगावाटभन्दा कम विद्युत् उत्पादन भएको थिएन । आयोजनामा ३५/३५ मेगावाट क्षमताको दुईवटा टर्बाइन गरी ७० मेगावाटको बिजुली उत्पादन हुँदै आएको छ । यस आयोजना जिल्लाकै पहिलो तथा ठूलो आयोजना हो । यस आयोजनामा गत मङ्सिरको दोस्रो हप्ताबाट बिजुली उत्पादन घटेको थियो । सन् २००० मा निर्माण कार्य शुरु गरेको यस आयोजनाले सन् २००८ मा निर्माण कार्य सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन गर्दै आइरहेको छ । यस आयोजना रु २७ अर्ब २० करोड लागतमा निर्माण भएको थियो । त्यस्तै, मर्स्याङ्दी गाउँपालिका-७ र ८ भुलभुलेस्थित ५० मेगावाट क्षमता भएको माथिल्लो मर्स्याङ् दी जलविद्युत् 'ए' आयोजनामा समेत विद्युत् पूरै क्षमतामा उत्पादन हुन थालेको छ । एक हप्ताअघिसम्म ३२ देखि ४० को हाराहारीमा उत्पादन हुँदै आए पनि सो यता आयोजनाको पूरै क्षमतामा बिजुली उत्पादन हुन थालेको आयोजनाका जनसम्पर्क अधिकृत इन्जिनीयर कर्ण अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "पुस/माघ महिनामा त उत्पादन घटेर २५ मेगावाट मात्र बिजुली उत्पादन भएको थियो । अब मर्स्याङ्दी नदीमा पानी बढेकाले उत्पादन पूरै क्षमतामा भएको उहाँको भनाइ छ । यस आयोजनामा २५/२५ क्षमताको दुईवटा टर्बाइन गरी ५० मेगावाट क्षमताको जलविद्युत् आयोजना हो । सन् २०१३ जनवरीबाट आयोजनाको निर्माण कार्य शुरु गर्दै सन् २०१७ जनवरीबाट व्यावसायिकरूपमा माथिल्लो मर्स्याङ्दी 'ए' आयोजनाले विद्युत् उत्पादन थालेको थियो । सो आयोजना करीब रु १६ अर्ब लागतमा निर्माण सम्पन्न भएको थियो । चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० र नेपालको चितवन कोइ समूह (सगरमाथा हाइड्रोपावर कम्पनी) को १० प्रतिशत लगानी रहेको छ । यस आयोजना हालसम्म उत्पादन थालेका जलविद्युत् आयोजनामध्ये दोस्रो ठूलो आयोजना हो । यस आयोजनाबाहेक जिल्लामा उत्पादन थालेका पाँच मेगावाटको सिउरी, चार दशमलव चार मेगावाटको क्षमताको राधी, चार मेगावाटको खुदी, तीन मेगावाटको मिदिम करापु, दुई मेगावाटको छ्याङ्दी र एक मेगावाटको स्याङ्गे जलविद्युत् आयोजनामा समेत विद्युत् उत्पादन वृद्धि भएको बताइएको छ ।

जिल्लामा केही आयोजनाहरूले समेत निर्माण कार्य सम्पन्न गर्दै बिजुली उत्पादन गर्ने तयारीमा रहेका छन् । दोर्दी कोरिडोरमा मात्र चार आयोजनाहरू निर्माणाधीन रहेका छन् । ती आयोजनाहरूले अधिकांश काम सम्पन्न गरिसकेका छन् । उक्त कोरिडोरमा निर्माण सम्पन्न भएपश्चात् ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख' आयोजना जिल्लाकै दोस्रो ठूलो आयोजना हुने भएको छ ।

नेपालडाँडा-तार्कुघाट-बोराङखोला सडक कालोपत्र धमाधम

कोरोना सङ्क्रमणको दोस्रो लहर सरकारद्वारा जारी निषेधाज्ञा र सङ्क्रमणको जोखिमका बीच नेपालडाँडा-तार्कुघाट-बोराङखोला सडक कालोपत्र गर्ने कार्य तीव्ररूपमा अघि बढिरहेको छ । छिमेकी जिल्ला तनहुँ नेपालडाँडादेखि लमजुङको राइनास नगरपालिका बोराङखोलासम्मको १० किलोमिटर सडकमा कालोपत्र गर्ने कार्य भइरहेको पूर्वाधार विकास कार्यालय लमजुङका प्रमुख इन्जिनीयर सुमन गिरीले बताउनुभयो । उहाँले भन्नुभयो, " निषेधाज्ञा र कोरोना सङ्क्रमणका बेलासमेत विकास निर्माणलाई तीव्रता दिँदै यस सडकमा कालोपत्र गर्ने कार्य भइरहेको छ । सरकारले जनतालाई छिटोछरितो सेवा प्रदान गर्नका लागिसमेत महामारीका बेला स्वास्थ्य सावधानी अपनाउँदै विकास निर्माण कार्यलाई अघि बढाइरहेको छ ।" जिल्लाको राइनास नगरपालिकाअन्तर्गत नगरको मुख्य सडक नेपालडाँडा-तार्कुघाट-बोराङखोला सडक हो । यस सडकको कालोपत्र गर्ने कार्य ७० प्रतिशत सम्पन्न भएको पूर्वाधार विकास कार्यालय लमजुङका यस सडकखण्ड हेर्ने इन्जिनीयर सुरज रिमालले बताउनुभयो ।

धमिलीकुवादेखि तीनपिप्लेसम्म छ किलोमिटर सडक कालोपत्र सम्पन्न भइसकेको उहाँको भनाइ छ । नेपालडाँडा-तार्कुघाट हुँदै भैँसीखोलासम्म कालोपत्र गर्ने कार्य भइरहेको छ । कालोपत्र गर्ने कार्य गत चैत २७ गतेदेखि शुरु भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । यस सडक गण्डकी प्रदेश सरकारको प्रादेशिक सडक योजनाअन्तर्गत १० किलोमिटर सडक कालोपत्र भइरहेको हो । यस सडक निर्माणको प्रदेश सरकारको एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमअन्तर्गत उक्त सडक २०७६ पुसदेखि आगामी २०७८ मङ्सिरसम्म निर्माण अवधि रहेको छ । सो अगावै आगामी असार महिनाभित्रै निर्माण कार्य सम्पन्न हुने बताइएको छ । गत वर्षमा समेत कोरोनाका कारणले सरकारद्वारा जारी लकडाउनका बेला नौ महिना निर्माण कार्य ठप्प भए पनि यस सडकको निर्माण कार्य धेरै छिटो र गुणस्तरीय भइरहेको इन्जिनीयर रिमालको भनाइ छ ।

उहाँका अनुसार हालसम्म समग्रमा यस सडकको निर्माण कार्य ९० प्रतिशत सम्पन्न भइसकेको छ । हालसम्म १० किलोमिटरतर्फ नाली र अर्कोतर्फ करीब एक हजार ५०० मिटर गरी साढे ११ किलोमिटर नाली बनाउने कार्य, मेशिनरी पर्खाल लगाउने कार्य सम्पन्न भइसकेको छ । त्यस्तै, भैँसीखोला, भब्बेडाँडा, सातबिसेखोला र रेमीखोलामा पक्की पुल निर्माण कार्यसमेत सम्पन्न भइसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

त्यस्तै विभिन्न स्थानमा हिमपाइप, छ वटा कज्वे बनाउने कार्य सम्पन्न भएको छ । पूर्वाधार विकास कार्यालयका अनुसार सडक निर्माण तथा कालोपत्रका लागि प्रदेश सरकारको रु २८ करोड ७४ लाख ७५ हजार १८७ लामा कन्सट्रक्शन प्रालिले यस सडकको निर्माण कार्य गरिरहेको छ । यस सडक कालोपत्र भएसँगै यस पालिकाका नागरिकसँगै दूधपोपारी गाउँपालिका र छिमेकी जिल्ला गोरखा नागरिकलाई धेरै सहज हुने भएको छ । यस सडक तनहुँ भानु नगरपालिका-१० नेपालडाँडादेखि लमजुङको राइनास नगरपालिका-८ तार्कुघाटसम्म एक किलोमिटर भूभाग तनहुँमा पर्दछ भने तार्कुघाटदेखि वडा नं १ बोराङखोलासम्म नौ किलोमिटर सडक लमजुङतर्फ पर्दछ ।

चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने-विज्ञ

-राजाराम कार्की
काठमाडौं, १७ जेठ (रासस)

धानबाली विज्ञ भन्छन्-आगामी पाँच वर्षभित्र चामलमा आत्मनिर्भर हुन बाँझो जमीनको भरपुर उपयोग गर्नुपर्छ । केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालमा गरेको कृषि गणनामा १० लाख हेक्टर जमीन बाँझो रहेको उल्लेख छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार कूल खेतीयोग्य जमीन झन्डै ३१ लाख हेक्टर छ ।

सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेट पुस्तिकाको बुंदा नं. १०८ मा नेपाललाई आगामी पाँच वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने घोषणा गरिएको छ । त्यसो त यसअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पनि आगामी तीन वर्षमा नेपाललाई चामलमा आत्मनिर्भर बनाइने घोषणा गरिएको भएपनि परिणाम भने प्राप्त हुन सकेन ।

कृषि गणना नभएको पनि झन्डै १० वर्ष नाघिसकेको छ । यस अवधिसम्म कति खेतीयोग्य जमीन घडेरीकरण, खण्डीकरण वा नदीले कटान गऱ्यो त्यसको कुनै तथ्याङ्क छैन । तीन आर्थिक वर्षदेखि हरेक सरकारले बजेटमार्फत जमीन बाँझो राख्न नदिन कडा कानून ल्याउने बताउँदै आएका छन् । गत दुई आर्थिक वर्षदेखि सरकारले बजेटमार्फत कानूनी कारबाहीको सट्टा भूमी बैंकलाई जग्गा उपलब्ध गराउनुपर्ने विषय उल्लेख छ ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जेठ १५ गते आगामी आर्थिक वर्ष २०७८/७९ को अध्यादेशमार्फत पेश गर्नुभएको बजेटमा सात प्रदेशमा नै भूमि बैंक स्थापना गरिने उल्लेख छ । हरेक सरकारले पटकपटक नयाँनयाँ विषय उठान गरेपनि कार्यान्वयन हुन नसक्दा प्रत्येक साल नेपालले भारतलगायतका देशबाट प्रतिमहिना रु दुई अर्ब ५० करोडको चामल आयात गर्दै आएको विभिन्न तथ्याङ् कमा उल्लेख गरिएका छन् ।

बजेटको बुदा नं १०८ मा आगामी दुई वर्षमा दूध र तरकारी, तीन वर्षमा गहुँ, मकै, कोदो र फापर, पाँच वर्षभित्रमा चामलमा आत्मनिर्भर बनाइने उल्लेख गरिएको छ । भन्सार विभागका अनुसार यस आर्थिक वर्षको पहिलो छ महिनामा भारतबाट ३० करोड र अमेरिकाबाट सात लाख ३३ हजार केजी चामल नेपाल भित्रिएको छ । त्यस्तै ३३ करोड केजी मकै भारतबाट भित्रिदा २४/२४ लाख केजी दक्षिण अमेरिकी देश ब्राजिल, अर्जेन्टिना र तीन लाख ५० हजार केजी दक्षिण अफ्रिकाबाट आयात भएको छ । कृषि गणना २०६८ ले नेपालको प्रमुख खाद्यान्न बाली धान छ, मकै १२, गहुँ छ, कोदो १९ र फापरमा ४० प्रतिशतले उत्पादनमा गिरावट आएको तथ्याङ्क सार्वजनिक गरेको छ । त्यसैगरी, जौँ, ३५, तोरी १३, र कोशे बालीमा २१ प्रतिशतले उत्पादन घटेको उल्लेख छ । कृषियोग्य जमीनको चक्लाबन्दी, कबुलियती, सामूहिक र करार खेतीमार्फत उत्पादनको वृद्धि गरिने विषय उठान भएको चार आर्थिक वर्ष नाघिसकेको छ । प्रत्येक बजेट पुस्तिकामार्फत उक्त कुरा लेखिएको भएपनि कार्यान्वयन फितलो देखिएकाले आगामी पाँच वर्षभित्र चामलमा आत्मनिर्भर हुने सरकारको योजना सफल होला नै भन्न मुस्किल रहेको वरिष्ठ धानबाली विशेषज्ञ भोलामानसिंह बस्नेतको भनाइ छ । नेपालीको प्रमुख खाद्यान्न बाली धान हो । नेपालमा झन्डै १५ लाख हेक्टर जमीनमा धान खेती हुन्छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार हाल नेपालको जनसङ्ख्या तीन करोड नाघिसकेको छ । सो सङ्ख्यालाई चामल पुऱ्याउन झन्डै ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । नेपालको उत्पादन भने जम्मा ५५/५६ लाख मेट्रिक टनमा सिमित छ ।

हिमाल पारिका दुई जिल्ला मनाङ र मुस्ताङबाहेक नेपालका सबै जिल्लामा धान रोपाइँ हुने गर्दछ । नेपालको सबैभन्दा अग्लो स्थान जुम्लामा लगाइने 'जुम्ली मार्सी' धान विश्वमा प्रसिद्ध छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा चामलको महत्व छ । नेपालमा १३० जातका धानका बीउ सिफारिस भएका छन् । धानको उत्पादन घट्दा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा असर पर्छ भने उत्पादन बढ्दा जिडिपी माथि उक्लन्छ । नेपालमा झन्डै १५ लाख हेक्टर जमीनमा धान खेती हुन्छ । नेपालको कूल गार्हस्थ्य उत्पादनमा धानको योगदान १२ प्रतिशत छ । नेपालमा चैते र वर्षे धानको खेती गरिन्छ । नेपालीको मुख्य खाना भात भएकाले चामलको खपत अधिक हुने गरेको छ । मागलाई धान्न उत्पादन बढाउनुपर्ने भएपछि सरकारले धानको उत्पादन बढाउन विभिन्न परियोजनाहरू अघिसारेका थिए । परियोजना सञ्चालनबाट समेत चामलकोआयातनरोकिएकोउदाहरण छन् ।

यसअघि विश्व बैंकको सहयोगमा सन् २००९ बाट कृषिलाई व्यवसायीकरण गर्न भन्दै व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) को कार्यक्रम झन्डै एक दशक सञ्चालनमा आयो । प्याक्ट परियोजना सकिनुअघि आर्थिक वर्ष २०७३/७४ देखि नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत आगामी तीन वर्षमा धानमा आत्मनिर्भर हुने योजना अघि सारेको थियो । यो परियोजना लागू भएको पनि चार वर्ष पुग्न लागेको छ तर चामलको परनिर्भरता भने चुलिएको छ । आर्थिक वर्ष २०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि रु सात अर्ब ९८ करोड बजेट विनियोजन गरिएको छ ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद (नार्क) का पूर्व वरिष्ठ वैज्ञानिक डा भवप्रसाद त्रिपाठीले सिँचाइका ठूला आयोजनाको तदारुकताका साथ निर्माण, चार लाख हेक्टरमा वर्षे धान खेती, तराइका धानखेती हुने जग्गामा माछापोखरी खन्न रोक, वर्षे धान खेत गर्ने किसानलाई धान सुकाउने मेशिनको उपलब्धता हुने हो भने चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने बताउनुहुन्छ ।